त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय
पोष्ट बक्स नं. ९८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

प.स. च.नं.: ।०६६।०६७

मिति: २०६७।३।२५

# कृषि स्नातक (B.Sc.Ag.) र पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहमा विद्यार्थी भर्ना सम्बन्धि सूचना

शैक्षिक वर्ष २०६६ ०६७ का लागि यस अध्ययन संस्थान अन्तर्गत रामपुर, पक्लिहवा र लमजुङ्ग क्याम्पसहरुमा सञ्चालन हुने कृषि स्नातक (B.Sc.Ag.) र रामपुर क्याम्पसमा सञ्चालन हुने पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि भर्ना सम्बन्धि कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु र हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ (तीन) प्रति संलग्न गर्नु पर्नेछ । साथै त्रिभुवन विश्वविद्यालय बाहेक अन्य विश्वविद्यालयबाट प्रमाणपत्र तह उत्तीर्ण गर्ने आवेदकहरुले समानस्तर निर्धारणको प्रमाण र मूल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता: एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई. एस्सी. (विज्ञान) वा विज्ञानतर्फको १०+२ वा आई.एस्सी. (कृषि) तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री र बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको ५०% (पचास प्रतिशत) अङ्क प्राप्त गरी उत्तीर्ण भएको हुनु पर्नेछ ।

२. आवेदन फाराम शुल्क: रु. ३००।- (तीन सय) लाग्नेछ ।

३. प्रवेश परीक्षा शुल्क: एक कार्यक्रमका लागि रु. १,२००।- (एकहजार दुई सय मात्र) का दरले प्रवेश परीक्षा शुल्क लाग्नेछ र प्रत्येक कार्यक्रमका लागि आवेदन फाराम छुट्टाछुट्टै भर्नु पर्नेछ ।

४. आवेदन फाराम वितरण गरिने मिति र स्थान: मिति २०६७ श्रावण **२०** गतेदेखि २०६७ भाद्र २२ गते कार्यालय समयभित्र डीनको कार्यालय, रामपुर; सम्पर्क कार्यालय, कीर्तिपुर; पक्लिहवा क्याम्पस, पक्लिहवा र लमजुङ्ग क्याम्पस, लमजुङ्गबाट वितरण गरिनेछ । साथै यस अध्ययन संस्थानको वेभसाईट www.iaas.edu.np बाट आवेदन फाराम Download गर्न सकिनेछ । त्यस्ता आवेदन फाराम बापत नियमानुसार लाग्ने शुल्क फाराम दर्ता गराउने समयमा बुझाउनु पर्नेछ ।

५. आवेदन फाराम बुझाउने मिति: २०६७ श्रावण २० गतेदेखि २०६७ भाद्र २२ गते कार्यालय समयभित्र ।

६. आवेदन फाराम बुझाउने स्थान: डीनको कार्यालय, रामपुर, चितवनमा २०६७ श्रावण २० गतेदेखि २०६७ भाद्र २२ गते कार्यालय समयभित्र ।

७. संलग्न हुनुपर्ने आवश्यक कागजात अपुग भएको वा हुलाकबाट पठाइएको वा अन्य ठाउंमा दर्ता गरिएको वा बुझाएको वा अन्य माध्यमबाट पठाएको आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन ।

८. वि.एस्सी. (कृषि) कार्यक्रम रामपुर, पक्लिहवा र लमजुङ्ग क्याम्पसहरुमा सञ्चालन हुने हुंदा फाराममा निर्दिष्ट गरेको स्थानमा आवेदकले क्याम्पसको प्राथमिकता तोक्नु पर्नेछ । क्याम्पस निर्धारणको हकमा आवेदकले तोकेको प्राथमिकतालाई ध्यानमा राख्दै मेरिटको आधारमा अध्ययन संस्थानले तोकिएको क्याम्पसमा भर्ना हुनु पर्नेछ । शुरुमा भर्ना भएको क्याम्पसबाट संचालन गरीएका तहहरु पुरा नभएसम्म अन्य क्याम्पसहरुमा स्थानान्तरण गर्न पाईने छैन ।

त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय
पोष्ट बक्स नं. ९८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

प.स. च.न. ।०६६।०६७



९. प्रवेश परीक्षा हुने मिति र स्थान: (क) वि.भि.एस्सी. एण्ड ए.एच.- २०६७ भाद्र ३० गते विहान ११:०० बजे । र
(ख) वि.एस्सी. (कृषि)- २०६७ भाद्र ३१ गते विहान ११:०० बजे डीनको कार्यालय, रामपुर, चितवनमा सञ्चालन हुनेछ ।

१०. भर्ना सम्वन्धि तालिका:

**वि.भि.एस्सी. एण्ड ए.एच.**

(क) भर्नाको लागि २०६७ आश्विन १ गते प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ आश्विन ३ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ख) स्थान खाली रहन आएमा २०६७ आश्विन ४ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०६७ आश्विन ५ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६७ आश्विन ६ गते तेश्रो तथा अन्तिम नामावली प्रकाशित गरिनेछ। तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ आश्विन ७ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**वि.एस्सी. (कृषि)**

(क) भर्नाको लागि २०६७ आश्विन ३ गते प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ आश्विन ५ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ख) स्थान खाली रहन आएमा २०६७ आश्विन ६ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावली मा परेका विद्यार्थीहरुले २०६७ आश्विन ७ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६७ आश्विन ८ गते तेश्रो तथा अन्तिम नामावली प्रकाशित गरिनेछ। तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ आश्विन १० गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

११. भर्नाको आधार: प्रवेश परीक्षाको प्राप्ताङ्कलाई ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी. को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्कभार दिइनेछ । सोको आधारमा योग्यताक्रम सूचि तयार गरी योग्यताक्रम अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% हुनेछ ।

१२. प्रमाणपत्र तह स्तरको निम्न विषयहरु र प्रश्न संख्या प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नपत्रहरु बहुछनौटय वस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ ।
(क) अंग्रेजी- २५, (ख) केमेष्ट्री- २५, (ग) फिजिक्स- २५, (घ) वोटानी- २५, (ङ) जुलोजी-२५, (च) गणित- २५ र (छ) सामान्य ज्ञान-१०

१३. अध्ययन संस्थान विकाश शुल्क (Institutional Development Fee) तिर्ने गरी पढ्न चाहने आवेदकहरुको लागि केही सिट छुट्याईएको छ । उक्त रकम तिरी अध्ययन गर्न चाहने विद्यार्थीहरुले २०६७ आश्विन १२ गते कार्यालय समयसम्ममा नियमानुसार निवेदन दिइसक्नु पर्नेछ । साथै उक्त कोटामा आवेदकहरुको संख्या निर्धारित कोटा भन्दा बढी भएमा योग्यता क्रमको आधारमा भर्ना लिईने छ ।

त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय
पोष्ट वक्स नं. ९८४, कीर्तिपुर, काठमाडौं, नेपाल

प.स. च.नं.: ।०६६।०६७



१४. छात्रा, अपाङ्ग, दलित, जनजाती, मधेशी, शहीद, द्वन्दपिडित परिवार, स्टाफ र पांच विकाश क्षेत्रका विद्यार्थीहरुको लागि केही सिट छुट्याईएको छ । छात्राकोटा र क्षेत्रियकोटा वाहेक अन्यकोटामा भर्नाहुन ईच्छुक प्रवेश परीक्षा उत्तीर्ण हुने विद्यार्थीहरुले २०६७ आश्विन ७ गते कार्यालय समय सम्ममा सम्वन्धित निकायको प्रमाण सहित नियमानुसार निवेदन दिइसक्नु पर्नेछ साथै उक्त कोटामा आवेदकहरुको संख्या निर्धारित कोटा भन्दा बढी भएमा योग्यता क्रमको आधारमा भर्ना लिईने छ ।

विभिन्न कोटा संख्या निम्नानुसार निर्धारण गरीएको छ ।

| | वि.एस्सी (कृषि) | वि.भि.एस्सी. एण्ड ए.एच. |
|---|---|---|
| क) मेरीट | ५८ | १२ |
| ख) क्षेत्रिय | ३० | ५ |
| ग) दलित | ६ | १ |
| घ) जनजाती | ६ | १ |
| ड.) मधेसी | ६ | १ |
| च) छात्रा | ९ | १ |
| छ) अपाङ्ग | ३ | १ |
| ज) शहिद | १ | १ |
| झ) द्वन्दपिडित परिवार | २ | १ |
| ञ) स्टाफ | ६ | १ |

उपरोक्त कोटा मध्ये कुनै कोटा रिक्त रहन गएमा मेरिटको आधारमा मेरिट कोटा अन्तर्गत भर्ना लिईनेछ ।

| | वि.एस्सी (कृषि) | वि.भि.एस्सी. एण्ड ए.एच. |
|---|---|---|
| ट) स्टाफ | | |
| IDF अर्धशूल्क | १ | - |
| IDF पूर्णशूल्क | १ | १ |
| ठ) IDF कोटा | ३६ | १४ |

१५. भर्ना हुनको लागि आवेदन फाराममा संलग्न सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपीहरुको सक्कलै प्रमाणपत्रहरु ल्याउनु पर्नेछ ।

१६. त्रिभुवन विश्वविद्यालय वाहेक अन्य शिक्षण संस्थावाट इन्टरमिडियट डिग्री हासिल गरेका विद्यार्थीहरुले त्रिभुवन विश्वविद्यालयमा नाम दर्ता (T.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । यदि उक्त समयमा सक्कल Migration Certificate नबुझाई त्रि.वि. नाम दर्ता गर्न समस्या भएमा सोको जिम्मेवारी अध्ययन संस्थानले लिने छैन ।

१७. दुवै शैक्षिक कार्यक्रमहरुको कक्षा २०६७ कार्त्तिक २८ गतेदेखि सन्चालन हुनेछ ।

१८. छात्रावास क्षमता सिमित भएकोले सो सेवा उपलव्ध गराउन क्याम्पस प्रशासन वाध्य हुने छैन।

प्रा.डा. सुन्दरमान श्रेष्ठ
डीन